# देवघाट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन आर्थिक वर्ष २०७७/०७८



**प्रतिवेदन प्राप्त गर्ने निकाय**

देवघाट गाउँपालिका नगर कार्यपालिकाको कार्यालय, तनहुँ
तथा गण्डकी प्रदेश प्रशिक्षण केन्द्र नदीपुर, पोखरा, कास्की
गण्डकी प्रदेश

**प्रतिवेदक**

सुशीला शर्मा (सम्पर्क नं: ९८५६०६०४०९ Email: sushilassb@gmail.com)
नवीनचन्द्र घिमिरे (सम्पर्क नं: ९८५६०४५४५० Email: navin.bindu@gmail.com)

# विषय तालिका


**भाग-१** ............ 1

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा** ............ 1

**१.१ पृष्ठभूमिः** ............ 1

**१.२ देवघाट गाउँपालिकाको संक्षिप्त परिचय** ............ 1

**१.३ लैससास परीक्षणको महत्व** ............ 2

**१.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू** ............ 3

**१.३ लैससास परीक्षणका उद्देश्यहरू** ............ 5

भाग-२ ............ 6

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि ............ 6

२.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू ............ 6

२.२ लैससास परीक्षणको विधि र तरीका ............ 6

**२.२.१ दस्तावेज समीक्षा (Documents Review)** ............ 7

**२.२.२ लक्षित समूह छलफल (Focus Group Discussion)** ............ 7

**२.२.३ परीक्षण कार्यशाला (Audit Workshop)** ............ 7

**लैससास परीक्षण कार्यशालाका सहभागीहरू** ............ 7

**तालिका 1: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू** ............ 7

**गोष्ठी सञ्चालन विधि** ............ 8

**लैससास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार** ............ 10

भाग-३ ............ 12

लैससास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू ............ 12

**३.१ लैससास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण** ............ 12

**३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू** ............ 14

**३.४ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना** ............ 41

**३.५ अवसर र चुनौतिहरू** ............ 60

**३.४.१ अवसरहरू** ............ 60

**३.४.१ चुनौतिहरू** ............ 60

भाग-४ ............ 61

निष्कर्ष र सुझावहरू ............ 61

४.१ निष्कर्ष ........ 61

४.२ सुझावहरू ........ 61

अनुसूचि १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन ........ 63

अनुसूचि २: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू ........ 64

अनुसूचि ३: लैससास परीक्षण गोष्ठीका सहभागीहरू ........ 66

अनुसूचि ४: लैससास परीक्षण अङ्क मापन विवरण ........ 67

अनुसूचि ५: लैससास परीक्षण कार्यशाला गोष्ठीका तस्वीरहरू ........ 89

# तालिका सूचि

**तालिका 1: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू ........................................................................ 7**

**तालिका 2 : स्थानीय तहमा लैससास परीक्षणको समय तालिका............................................................................ 8**

**तालिका 3: लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरू ........................................................................ 10**

**तालिका 4: लैससास परीक्षणमा प्राप्त अङ्कहरूको बिवरण................................................................................. 12**

**तालिका 5: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू......................................................................... 15**

**तालिका लैङ्गिक तथा 6 सामाजिक समावेशी विकास कार्ययोजना ......................................................................... 41**

**तालिका लैससास परीक्षण अङ्क 7 मापन विवरण.................................................................................................. 67**

# चित्र सूचि

**चित्र लैससास परीक्षण नतिजाको माकुरे जालोमा प्रस्तुतिकरण 1................................................................. 13**

**चित्र लैससास परीक्षण नतिजाको स्तम्भ चित्रमा प्रस्तुतिकरण 2.................................................................... 14**

## हार्दिक आभार

गण्डकी प्रशिक्षण प्रतिष्ठानको प्राविधिक सहयोग तथा देवघाट गाउँपालिकाको आयोजनामा सम्पन्न ***"देवघाट गाउँपालिकाको लैससास परीक्षण (GESI Audit)"*** कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अध्यक्ष दुर्गबहादुर थापा, उपप्रमुख विमला थापा, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरू, कार्यक्रम संयोजक सम्झना खत्री लगायत यस कार्यमा प्रत्यक्ष परोक्ष सहयोग पुर्याउनु हुने सम्पूर्ण सम्बद्ध व्यक्तिहरूमा हार्दिक आभार व्यक्त गर्दछौं ।

धन्यवाद !

**परामर्शकर्ताहरू**

सुशीला शर्मा

नवीनचन्द्र घिमिरे

# भाग-१

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१ पृष्ठभूमिः

नेपालको सामाजिक, साँस्कृतिक र धार्मिक परम्पराको कारण महिला र पुरुषको बीचमा रहेको सामाजिक जिम्मेवारी र पहुँचमा समानता छैन । नेपाली समाज पुरुष प्रधान रहेकोले परिवारदेखि राज्यको नेतृत्वसम्म महिलाहरूको सक्षमता तुलनात्मक रूपमा कम आँकलन गरिएको र पहुँच पुग्ने सकेको अवस्था छैन । यो महिला र पुरुषबीचको असमानता नेपालको मात्र समस्या पनि होइन । विश्वका अन्य मुलुकहरूमा पनि महिला र पुरुषबीचको असमानताको समस्या रहेको छ । यस समस्यालाई लैङ्गिक समस्याको रूपमा लिइएको छ । यसकारण लैङ्गिक समानता र लैङ्गिक समताको अवधारणालाई विश्वव्यापीरूपमा घोषणा गरी एक अभियानको रूपमा कार्यान्वयनमा ल्याइएको छ । यस्तै नेपाल सामाजिक साँस्कृतिक विविधता रहेको देश हो । केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८ अनुसार यहाँ १२५ वटा जातजाति, १२३ वटा मातृभाषा र सांस्कृतिक विविधता भएकोले यहाँ ती समुदायहरूको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थामा विविधता रहेको छ । सबै वर्ग र समुदायहरूका सामाजिक र आर्थिक क्षेत्रमा समान विकास हुन सकेको छैन । देशमा आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग जस्ता समुदायहरूको सक्षमता र राज्यको सेवा सुविधामा पहुँच आदिको सवाल रहेको छ । साथै बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र भौगोलिक बिकटताको कारण गरिबी र वञ्चितिकरणमा परेका समुदायहरूको समस्याहरू रहेका छन् । यसकारण नेपालमा सामाजिक समावेशीकरणको सवाल पनि उत्तिकै महत्वपूर्ण भएकोले महिला समानता तथा समाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनमा ल्याइएको नेपालको संविधान, मानव अधिकारसम्बन्धी घोषणापत्र, महिला अधिकारसम्बन्धी घोषणापत्र, बालअधिकार र आदिबासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रहरू र यी क्षेत्रहरूमा कार्य गर्नको लागि गरिएका विभिन्न महासन्धिहरू र नेपालका सम्बन्धित ऐन, नियम र अन्य कानुनी व्यवस्थाहरूलाई आधारको रूपमा लिई उक्त प्रावधानहरूलाई स्थानीय सरकारहरूमा कार्यान्वयनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) तयार गरी स्थानीय तहहरूमा पारित गरेर कार्यान्वयनको लागि निर्दशन गरेको छ । यस कार्यविधिको आधारमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP), नदीपुर पोखराले स्थानीय सरकारहरू (गाउपालिका र गाउँपालिका) को लैससास परीक्षण गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यसै क्रममा यस देवघाट गाउँपालिका, तनहुँको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ देवघाट गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको ७ प्रदेशहरूमध्ये गण्डकी प्रदेशमा पर्ने  तनहुँ जिल्ला पनि एक हो । समुद्री सतहबाट न्यूनतम १८७ देखि २१३४ मीटरको उचाइसम्म  रहेको छ । नेपाल राज्यको केन्द्र भागमा अवस्थित तनहुँ जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरूको पुनर्संरचनाको लागि गठन गरेको उच्चस्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार यस तनहुँ जिल्लाको साविकका गा.वि.स.हरू कोटा, बैदी, छिपछिपे र देवघाट गाविसलाई समायोजन गरी देवघाट गाउँपालिका गठन गरिएको हो। समावेश भएका साविकका गाविसहरू मध्ये देवघाट गाविसलाई दुईवटा वडा, साविक कोटा गाविसको १, २, ३, ८ र ९ गरी एक वडा, साविक कोटा गाविसको वडा नं. ४, ५, ६ र ७ र साविकको वैदी गाविसको ४, ५, ६, ७, ८ र ९ वडा गरी एक वडा र साविक छिपछिपे गाविसलाई एक वडा गरी जम्मा ५ वटा वडामा विभाजन गरिएको छ। गाउँपालिकाको जम्मा क्षेत्रफल १५९ वर्ग किलोमिटर रहेको छ भने यसको सिमानामा पूर्वमा आँबुखैरेनी गा.पा. र चितवन जिल्ला, पश्चिममा ऋषिङ्ग गा.पा. र नवलपरासी जिल्ला, उत्तरमा ऋषिङ्ग, बन्दीपुर, आँबुखैरेनी गा.पा. र व्यास न.पा. र दक्षिणमा नवलपरासी र चितवन जिल्ला रहेको छ। केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी ३४३५ र जम्मा जनसंख्या १६१३१ मध्ये पुरुष ७४८४ र महिला ८६४७ रहेको छ।

**ऐतिहासिक महत्व**

यस गाउँपालिकामा पर्ने देवघाट धाम परापूर्वकालदेखि पवित्र तीर्थस्थलको रुपमा परिचित रहेको छ। धर्मशास्त्रमा उल्लेख भए अनुसार यस भूमिमा परापूर्वकालमा देवताहरू बसोवास गर्नुभएकोले यस पवित्र भूमिको नाम देवघाट रहन गएको हो भनी उल्लेख गरिएको छ। हिन्दू धर्म शास्त्रमा उल्लेख गरिए अनुसार चारधाम क्षेत्र स्नान गरेर यस तीर्थमा स्नान गरिएको छैन भने मानव जीवन व्यर्थ हुने साथै अन्यत्र तीर्थ नगई यस तीर्थमामात्र स्नान गरेमात्र पनि चारधाम तीर्थ गए बराबरको पूण्य प्राप्त हुन्छ भनी शास्त्रमा उल्लेख गरिएको भेटिन्छ। यस्तो पवित्र तीर्थस्थललाई केन्द्र बिन्दु बनाएर गठन गरिएको यस गाउँपालिकाको प्राकृतिक, ऐतिहासिक धार्मिक सौन्दर्यताले भरिपूर्ण नगरीको विकासको गुरूयोजनामा धार्मिक पर्यटन क्षेत्रको ठूलो भूमिका साथै महत्वपूर्ण क्षेत्र ओगटको देखिन्छ। विदेशी पाहुनाको लागि देवघाट नदीमा विभिन्न मनोरञ्जन लिने बोटिङ डुङ्गाहरू राखिएका छन। हिमालवाट विभिन्न नदीहरू मिसिएर बग्दै आएको चिसो सुन्दर पवित्र यस नदीको पानीमा बोटिङ्ग गर्दै मनोरम प्रकृतिक हरियाली जंगलको दृश्य अवलोकन गर्न पाउनु पर्यटकको लागि धेरै महत्वपूर्ण स्थान रहेको छ। यस भूमिलाई मानव निर्मित स्रोत र साधनले सिँगार्न सकेमा यसको महत्व विश्वमा एकै मात्र तीर्थस्थल हुने परिकल्पना देखिन्छ।

## १.३ लैससास परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपालको लागि महत्वपूर्ण रहेको महसुस गरिएकोले लैससासको अवधारणा सबै स्थानीय तहहरूमा लागू गर्न प्रयास गरिएको छ। नेपाली समाजमा लैङ्गिक विभेदले महिला, पुरुष र अन्य लिङ्गको आधारमा सामाजिक विभेद देखिएको र फरक मूल्य मान्यताहरू व्याप्त भएको अवस्था छ। यस्तै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा विभेदहरू महसुस गरिएको छ। यी विभेदहरूको विरुद्धमा नेपाल सरकारले संविधान तथा विभिन्न कानुनी व्यवस्था गरी लागू गरेको छ। कानून अनुसार यी विभेदहरू दण्डनीय छन्। तैपनि समुदाय स्तरमा विगतको समयमा व्याप्त भएका यी विभेदहरूको कसर अझै बाँकी रहेको देखिन्छ। यस कारण नेपाल सरकारले लैङ्गिक तथा सामाजिक वहिस्करणलाई निर्मूल गर्ने नीति लिएको हो।

सबै स्थानीय सरकारहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा स्थानीय सरकारहरूमा लैङ्गिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरू के कति भएका छन् भन्ने कुराको निक्यौल गर्ने कार्य हो यो। यसबाट स्थानीय सरकारहरूले नीति कानून र योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वेदनशीलताको प्रयोग र यस दृष्टिकोणको उपयोगको अवस्था कस्तो रहेको छ ? स्थानीय तहहरूको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ ? पालिकाहरूको जनशक्ति नियुक्ति र जनप्रतिनिधिको व्यवस्थामा लैससासको रणनीतिक अभ्यास कस्तो छ र यसबाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगति भएको छ ? सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ ? सेवा प्रवाहमा अझै महिला तथा विपन्न भएका समुदायका नागरिकहरू अझै वहिस्करणमा परेका छन् ? सुशासनका अभ्यासहरूको अवस्था के छ ? सुशासनमा लैससासको कार्यान्वयन कस्तो छ ? यी कुराहरूको परीक्षण गरिने भएको हुँदा संघीय, प्रदेश र स्थानीय सरकारहरूमा नियमित लैससास परीक्षणको आवश्यकता रहेको छ।

यस लैससास परीक्षणले स्थानीय सरकारहरूमा विगतका आर्थिक वर्ष र विगतका समयमा कार्यालयबाट हुने सबै खाले सेवा प्रवाहमा लैससासको अवधारणालाई कार्यान्वयनको अवस्थाको चित्रण गर्दछ। यसबाट उक्त क्षेत्रको सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान विधिवत रूपमा पहिचान हुने भएकोले आगामी दिनहरूमा केकस्ता पहलहरू गर्ने बारेमा योजना तथा कार्यक्रमहरू तयार गर्न सहज हुने गर्दछ। समग्र नेपालमा लैससास मैत्री समाजको निर्माण गर्न सरकारी तौरबाट गरिने पहलहरूमा प्रभावकारिता आउँछ। यसबाट विभेदकारी नीति तथा कार्यक्रमहरूको अन्त्य गरी सुशासनयुक्त समृद्ध समाजको सिजना गर्न टेवा पुग्दछ।

स्थानीय सरकारहरूमा लैससास परीक्षणले स्थानीय नीति, कानून र योजनाको तहमा लैससास सम्वेदनशीलता समावेश गरेर संस्थागत संरचना, जनशक्ति व्यवस्था र क्षमता विकास, सेवा प्रवाह, सुशासनका क्रियाकलापहरूमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी दृष्टिकोण कार्यान्वयन गरी हरेक स्थानीय तहमा समतामूलक समाजको स्थापना गर्ने जग निर्माणको अपेक्षा गरिएको छ। यसबाट स्थानीय तहबाटै दिगो शान्ति तथा समृद्धिको सुरुआत हुने सुनिश्चित छ।

## १.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू

नेपालको संविधान र सम्बन्धित ऐन, नियम, कार्यविधिहरू र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरू र महासन्धिहरू जस्तै मानव अधिकार सम्बन्धी घोषणापत्र, बेइजिङ घोषणापत्र १९९६, बालअधिकार सम्बन्धी महासन्धि १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक व्यवस्थाहरू रहेका छन्।

नेपालको संविधानले नागरिकहरूको आधारभूत अधिकारहरूलाई सुनिश्चित गर्न व्यवस्था गरेको छ। संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जसले प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सुनिश्चित गरेको छ। सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट

वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रूपमा विपन्न खस आर्य लगायतका नागरिकहरूको संरक्षण सशक्तिकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ।

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हकको सुनिश्चित गरेकोको छ। प्रत्येक महिला सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ। महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाइने छैन। यी कार्यहरू कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था भएको छ।

साथै नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सुनिश्चित गरिएको छ। सम्बिधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सुनिश्चित गरिएको छ। साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सुनिश्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धी समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। यी धाराहरू विशेष गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशील रहेका छन्।

यसकारण नेपालको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को मुद्दा बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा अनिवार्य पालना गर्नु पर्ने कानुनी व्यवस्था छ। यसको कार्यान्वयन जनस्तरमा अझै कमजोर रहेको पाइएकोले राष्ट्रिय ऐन नियमहरू तथा अन्तर्राष्ट्रिय महासन्धि र अभ्यासहरूको आधारमा लैससास अभियानमा व्यापकता ल्याउने जमर्को भैरहेको छ। यसलाई स्थानीय तहहरूबाटै कार्यान्वयन गर्ने पहल तत्कालीन स्थानीय विकास मन्त्रालयले लैससास कार्यान्वयन गर्दै आएको थियो। लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावशीकरण नीति २०६६ कार्यान्वयनको लागि तयार भएको स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा तथा परीक्षण निर्देशिका २०६८ कार्यान्वयन भएको थियो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा

समाजिकरूपमा अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न समुदायबीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता समाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

## १.३ लैससास परीक्षणका उद्देश्यहरू

स्थानीय तहहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य नै स्थानीय तहहरूमा लैङ्गिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने विभेदहरूको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुविधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परिक्षण गरी समतामूलक नीति कार्यक्रम, बजेट लागू गर्ने कार्यमा सुझावहरू उपलब्ध गराउने हो। यसको बिशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउपालिकाको नीति, कानून, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरूमा महिला र सामाजिक रूपमा वञ्चितिकरणमा परेका व्यक्ति र समुदायहरूको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरूमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान गर्ने।

ग) सुधार गर्नु पर्ने पक्षहरूको पहिचान पश्चात सोको कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने।

घ) पालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरूमा लैससास सम्वेदनशित कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरू प्रस्तुत गर्ने।

# भाग-२

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

### २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू

विगतमा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ तथा स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका २०६८ मा भएको व्यवस्था अनुसार तत्कालिन जिल्ला विकास समिति र गाउँपालिकामा भएका सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट विनियोजन तथा कार्यान्वयनको क्रममा गरिएका प्रयासहरूको लैङ्गिक तथा सामाजिक समावेशी आँखाबाट परीक्षण गरी आगामी आर्थिक वर्षमा चाल्नु पर्ने कदमहरूको पहिचान गरिन्थ्यो।

नेपालमा संघीय व्यवस्था लागू भए पश्चात् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार लैससास परीक्षणमा स्थानीय सरकारको नीति, कानून र योजना तर्जुमा प्रक्रियादेखि संस्थागत व्यवस्था, जनशक्ति र सेवा प्रवाहसम्मका पाँचबाट मूल विषयवस्तुहरू तोकिएको छ। यो कार्यविधि हरेक गाउपालिका र गाउँपालिकाहरूले स्थानीयस्तरमा आफ्नो अनुकुल हुने गरी केही व्यवस्थाहरू हेरफेर गरेर पारित गरी लागू गर्न सक्नेछ। केही स्थानीय सरकारहरूले यो कार्यविधि लागू गरिसकेको अवस्था छ। हालको अवस्थामा यस पालिकामा मुख्यतः लैससास परीक्षणमा देहायका पाँच मुल विषयहरू वा क्षेत्रहरू समेटिएका छन्:

क) नीति कानून र योजना,

ख) संस्थागत व्यवस्था,

ग) मानव संसाधन र क्षमता विकास,

घ) सेवा प्रवाह र

ङ) सुशासन तथा उत्तरदायित्व।

### २.२ लैससास परीक्षणको विधि र तरीका

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार स्थानीय सरकारहरूको लैससास परीक्षण हरेक आर्थिक वर्ष नियमित रूपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको तहबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने अभिप्राय हो। यो परीक्षण कार्य केही सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिबाट सम्पादन गरिएको छ।

यस पालिकाको लैससास परीक्षणको लागि अध्यक्षको संयोजकत्वमा ७ सदस्यीय कार्यदल बनाएको थियो। सोही कार्यदलको नेतृत्वमा पालिकाको लैससास परीक्षण सम्पन्न भयो। यस कार्यदल अन्तरगत ५ वटा विषयगत लैससास परीक्षण कार्य-समूहहरू तयार गरियो। यी कार्य-समूहहरूमा निर्वाचित जनप्रतिनिधिहरू तथा कर्मचारीको संलग्नता रहेको थियो। जसमा महिला र पुरुषहरूको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाइएको थियो। उक्त

कार्य-समूहहरूको संयोजकत्व निर्वाचित पदाधिकारीहरूले गरेको थियो । ती कार्य समूहहरू देहायका परीक्षण विधिहरूको उपयोग गरेको थियो।

### २.२.१ दस्तावेज समीक्षा (Documents Review)

लैससास परीक्षण कार्यदलले पालिकाको दस्तावेजहरू (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरू, आर्थिक प्रतिवेदनहरू, चौमासिक र वार्षिक समीक्षाको प्रतिवेदन, विकास बुलेटिन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको सङ्कलन र लैससासको दृष्टिबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो ।

### २.२.२ लक्षित समूह छलफल (Focus Group Discussion)

लैससास परीक्षणको क्रममा पालिकाका महिला समूहका सदस्यहरू, दलित समुदाय, आदिबासी जनजाति समुदाय र अन्य वञ्चितिकरणमा परेका समुदायका प्रतिनिधिहरूसँग लक्षित समूह छलफल गरिएको थियो । यसको लागि लैससास कार्यान्वयन सम्बन्धी प्रश्नावली तयार गरी छलफल गरिएको थियो ।

### २.२.३ परीक्षण कार्यशाला (Audit Workshop)

यो गोष्ठी ३ दिनको आयोजना गरिएको थियो । यस कार्यशाला पालिकाका निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै विषयगत शाखाका कर्मचारीहरू र सरोकारवालाहरूको सहभागितामा सञ्चालन गरिएको थियो । यसको सहजीकरण परामर्शदाताहरूबाट गरिएको थियो ।

**लैससास परीक्षण कार्यशालाका सहभागीहरू**

पालिकाको लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरू सहभागी भएका थिए। लैससास परीक्षण कार्यक्रममा जम्मा ३५ जना सहभागीहरू थिए ।

**तालिका 1: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | पालिका प्रमुख |
| २ | पालिका उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | वडा अध्यक्षहरू |
| ५ | कार्यपालिकाका महिला सहित सदस्यहरू |
| ६ | दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | विषयगत शाखाका प्रमुख तथा सम्पर्क व्यक्तिहरू |
| ८ | विषयगत क्षेत्र तथा लक्षित वर्गका कर्मचारीहरू |

पुनश्चः लैससास परीक्षणमा भएका सहभागीहरू अनुसूचि–३ मा संलग्न गरिएको छ ।

**गोष्ठी सञ्चालन विधि**

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार पाँचवटा मूल विषयहरूभित्र विभिन्न २२ वटा सहायक विषयहरू समावेश गरिएको छ। यसभित्र १०० वटा कार्यगत उपसूचकहरू तोकिएका छन्। यिनै सूचक तथा उपसूचकहरूको दायरामा रही लैससास परीक्षण गोष्ठी सञ्चालन गरिएको थियो।

गोष्ठीको पहिलो दिन गोष्ठीको उद्घघाटन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संविधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरू, लैससास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमुखीकरण गरियो। कार्यशाला गोष्ठीमा पाँचवटा मूल विषयहरूको आधारमा ५ वटा लैससास विषयगत परीक्षण कार्य-समूह गठन गरियो। यी लैससास विषयगत परीक्षण कार्य-समूहहरूले विषयगतरूपमा सूचक र उपसूचकहरू माथि समूहगतरूपमै छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेषण गरी अङ्क दिने कार्य गरियो। लैससास सूचक तथा उपसूचकहरूमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अङ्कहरू दिइयो।

यसरी दिइएको अङ्कलाई प्रथम मस्यौदाको रूपमा लिई परीक्षणको दोस्रो दिन परीक्षण कार्य समूहहरूले पालिकाको सम्बन्धित शाखाहरूमा सम्बन्धित दस्तावेजहरूको अवलोकन वा परीक्षण गरेका थिए । यस क्रममा परामर्शदाताहरूद्वारा सबै समूहहरूलाई आवश्यक सहजीकरण र सहयोग गरिएको थियो । यस क्रममा गोष्ठीको सहभागितामूलक परीक्षणबाट दिइएको अङ्कहरू थपघट भएका थिए। उक्त समूहहरूले आफ्नो विषय क्षेत्रमा रहेका सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पनि खोजी गरेका थिए।

परीक्षण गोष्ठीको तेस्रो दिन अध्यक्ष तथा उपप्रमुख समेतको उपस्थितिमा सबै सहभागीहरूले परीक्षणको क्रममा प्राप्त भएको अङ्कहरू माथि परामर्शदाताहरूबाट पुनः छलफल र मूल्याङ्कन गरिएको थियो । त्यस पश्चात् समूहगतरूपमा सबै कार्य समूहहरूले परीक्षण गरेको नतिजाहरू प्रस्तुत गरिएको थियो। यिनै अङ्कहरूको आधारमा माकुरे जालो तथा स्तम्भचित्र प्रस्तुतिकरणको विधिबाट पालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो। सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरू समेत प्रस्तुत गरिएको थियो।

***तालिका 2 : स्थानीय तहमा लैससास परीक्षणको समय तालिका***

| दिन | समय | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पहिलो दिन | ९:३०–१०:०० | सहभागीहरूको नाम दर्ता र उपस्थिति | |
| | १०:००–१०:३० | शुभारम्भ, परिचय, अपेक्षा सङ्कलन, तालिम व्यवस्थापन, समूह विभाजन आदि | |
| | १०:३०–१२:०० | लैससास परीक्षणबारे अवधारण र मुख्य उद्देश्य, लैससास परीक्षणका गर्नुको औचित्य | |
| | १२:००–१३:३० | लैससास परीक्षण विधि, प्रक्रिया र सूचकमाथि छलफल | |
| | १३:३०–१४:०० | खाजा विश्राम | |

| | | | |
|---|---|---|---|
| | १४:००–१५:३० | लैससास परीक्षणका क्षेत्रगत सूचकसम्बन्धी प्रस्तुतिकरण र छलफल | |
| | १५:३०–१७:०० | सूचना सङ्कलन र सूचना र तथ्याङ्कको विश्लेषण<br>लैससास परीक्षणका सबल र सुधार गर्नुपर्ने पक्षहरूबारे जानकारी | |
| | १७:००–१७:१५ | सङ्क्षेपीकरण र पृष्ठपोषण सङ्कलन | |
| दोस्रो दिन | १०:००–१०:३० | अघिल्लो दिनको पुनरावलोकन | |
| | १०:३०–१२:०० | लैससास लेखाजोखाका लागि सूचक, उपसूचक र सूचिको निर्धारण | |
| | १२:००–१३:३० | लैससास परीक्षणका क्षेत्रगत सूचक सम्बन्धी प्रस्तुतिकरण, समूगत अद्यास, प्रस्तुतिकरण र छलफल | |
| | १३:३०–१४:०० | खाजा विश्राम | |
| | १४:००–१५:३० | स्थानीय तहको नीति, कानून र योजनाहरूमा लैससासको अवस्था विश्लेषण<br>स्थानीय तहको संस्थागत व्यवस्थापनमा लैससासको अवस्था विश्लेषण | |
| | १५:३०–१७:०० | स्थानीय तहको लैससास संवेदनशील कार्य प्रणालीको विश्लेषण<br>स्थानीय तहको मानव संसाधन तथा क्षमता विकासमा लैससासको अवस्था विश्लेषण | |
| | १७:००–१७:१५ | सङ्क्षेपीकरण र पृष्ठपोषण सङ्कलन | |
| तेस्रो दिन | १०:००–१०:३० | अघिल्लो दिनको पुनरावलोकन | |
| | १०:३०–१२:०० | स्थानीय तहको क्षमता विकास योजनामा लैससास उत्तरदायी बजेट व्यवस्थापनको विश्लेषण<br>कार्यक्रम तर्जुमा गर्दा लससास समूहको सहभागिता विश्लेषण | |
| | १२:००–१३:३० | विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगनम र मूल्याङ्कन लैससास मूलप्रवाहीकरण विश्लेषण<br>आन्तरिक संरचनामा लैससासको अवस्था विश्लेषण<br>सुशासनको अवस्था विश्लेषण | |
| | १३:३०–१४:०० | खाजा विश्राम | |
| | १४:००–१५:३० | स्थानीय तहमा मानव संसाधन, सम्बन्ध विस्तारमा लैससास मूलप्रवाहीकरणको अवस्था<br>नेपाल सरकारका लैससास मूलप्रवाहीकरण सम्बन्धी नीति र प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्था विश्लेषण | |
| | १५:३०–१७:०० | विश्लेषणबाट आएका नतिजा बारे जानकारी र लैससास मूलप्रवाहीकरणको लागि कार्ययोजना निर्माण | |
| | १७:००–१७:१५ | सङ्क्षेपीकरण तथा समापन | |

**लैससास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार**

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अङ्क भार १०० र तोकिएका ५ मूल विषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसभित्र २२ वटा सहायक विषयहरू र अङ्क भारहरू देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका 3: लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरू**

| क्रसं | सूचक तथा उपसूचकहरू | अङ्कभार |
|---|---|---|
| १ | नीति कानून र योजना | |
| १.१ | नीति, कानून र योजनामा समावेशी सहभागिता | ८ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | **जम्मा** | **२०** |
| २ | संस्थागत व्यवस्था | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २.२ | कार्यप्रणाली समावेशी | ४ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ |
| २.५ | सहायक विषयगत जम्मा तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ |
| | **जम्मा** | **२०** |
| ३ | मानव संसाधन तथा क्षमता विकास | |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | ४ |
| ३.३ | कानुनी साक्षरता | ४ |
| ३.४ | विपद व्यवस्थापनमा समावेशीकरण | ४ |
| | **जम्मा** | **२०** |
| ४ | सेवा प्रवाह | |
| ४.१ | पूर्वाधार विकास | ४ |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ |
| ४.३ | शिक्षा कार्यक्रम | ४ |

| | | |
|---|---|---|
| ४.४ | खानेपानी तथा सरसफाई | ४ |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ |
| | **जम्मा** | **२०** |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | |
| ५.१ | सुशासन | ४ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ५.३ | सूचना तथा सञ्चार | ४ |
| ५.४ | अनुगमन र मूल्याङ्कन | ४ |
| ५.५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | **जम्मा** | **२०** |
| | **कूल जम्मा** | **१००** |

माथि उल्लेखित सहायक विषयहरूमा हरेक सूचकको पूर्णाङ्क १ रहने गरी जम्मा १०० वटा सूचकहरू तोकिएका छन् । यसमा स्थानीय सरकारका तोकिएका सहभागीहरूसँगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरूको आधारमा अङ्क प्रदान गरिन्छ । यसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अङ्क प्रदान गरिएको छ । सबल, कमजोर, अवसर र चुनौति विश्लेषण (SWOT Analysis) गोष्ठीको अन्तिम दिन परीक्षणको नतिजालाई माकुरे जालो तथा स्तम्भचित्रमा प्रस्तुत पश्चात् लैससासको विषयक्षेत्रहरू मध्ये बढी अङ्क प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरूमा काम भएको प्रष्ट हुन्छ । साथै कम अङ्क प्राप्त गरेका क्षेत्रहरूमा कमजोर पक्षहरू वा सुधार गर्नु पर्ने क्षेत्रहरू पहिचान हुन्छ । सूचक र उपसूचकहरूको विश्लेषण गरी सबल र कमजोर पक्षहरू पहिचान गर्ने कार्य भएको छ ।

अवसर र चुनौतिहरूको हकमा परीक्षणका विषय क्षेत्रहरूको आधारमा पालिकामा भएको अवसरहरू र चुनौतिहरूको बारेमा समूहगत सङ्कलन गरेका तथ्यहरूलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो । यसमा सहभागीहले समेत आवश्यक सुझावहरू पेश गरेका थिए । कार्ययोजना तयारी लैससास परीक्षणको क्रममा विषयगत परीक्षण कार्य समूहले उनीहरूको विषयक्षेत्रमा रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी पालिकामा भएको हालका अवसर र चुनौतिहरूलाई मध्यनजर गरी आ-आफ्नो विषय क्षेत्रमा आगामी कार्ययोजना तयार गरेको थिए । उक्त कार्ययोजना माथि गोष्ठीका सबै सहभागीहरूको उपस्थितिमा छलफल र परिमार्जन समेत गरिएको थियो ।

# भाग-३

## लैससास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू

### ३.१ लैससास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण

यस गाउँपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र विभिन्न नीतिगत निर्णयहरू, आवधिक तथा वार्षिक कार्यक्रम र बजेट, कार्यान्वयनका पक्षहरू समेतलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः

**तालिका 4: लैससास परीक्षणमा प्राप्त अङ्कहरूको बिवरण**

| क्रसं | सूचक तथा उपसूचकहरू | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **नीति कानुन र योजना** | | |
| १.१ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ५.०० |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.०० |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ०.५० |
| | **जम्मा** | **२०** | **१०.५०** |
| २ | **संस्थागत ब्यवस्था** | | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | २.५० |
| २.२ | कार्यप्रणाली समावेशी | ४ | २.५० |
| २.३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३.५० |
| २.४ | बित्त ब्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ३.०० |
| २.५ | सहायक विषयगत जम्मा तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | ३.५० |
| | **जम्मा** | **२०** | **१५.००** |
| ३ | **मानव संसाधन तथा क्षमता बिकास** | | |
| ३.१ | मानव संसाधन तथा क्षमता बिकास | ८ | ३.५० |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | ४ | १.५० |
| ३.३ | कानुनी साक्षरता | ४ | १.५० |

| | | | |
|---|---|---|---|
| ३.४ | बिपद ब्यवस्थापनमा समावेशीकरण | ४ | १.५० |
| | **जम्मा** | **२०** | **८.००** |
| ४ | **सेवा प्रवाह** | | |
| ४.१ | पूर्वाधार बिकास | ४ | २.५० |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ | २.०० |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ३.०० |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ | ३.५० |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार ब्यवस्थापन | ४ | २.५० |
| | **जम्मा** | **२०** | **१३.५०** |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | | |
| ५.१ | सुशासन | ४ | २.५० |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २.०० |
| ५.३ | सूचना तथा सञ्चार | ४ | २.०० |
| ५.४ | अनुगमन र मूल्यांकन | ४ | २.०० |
| ५.५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | २.५० |
| | **जम्मा** | **२०** | **११.००** |
| | **कूल जम्मा** | **१००** | **५८.००** |

### ३.२ लैससास परीक्षण नतिजाको माकुरे जालो तथा स्तम्भ चित्रमा प्रस्तुतिकरण

**चित्र 1 लैससास परीक्षण नतिजाको माकुरे जालोमा प्रस्तुतिकरण**




**चित्र 2 लैससास परीक्षण नतिजाको स्तम्भ चित्रमा प्रस्तुतिकरण**




### ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू

यस पालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरू र जस अन्तर्गतका १०० वटा उपसूचकहरूमा आधारित रही परीक्षण गरिएको थियो । पालिकामा लैससास कार्यान्वयनमा भएको

पहललाई कार्यहरू र प्रमाणहरूको आधारमा तीन किसिमको अवस्थामा विभाजन गरिएको छ। राम्रो अवस्था भएमा 'सबल' आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी वर्गीकरण गरिएको छ जसबाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरूमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पालिकाको काँदमा रहेको देखिन्छ। यस पालिकाको लैससास परीक्षणको विषय क्षेत्रहरूका सूचक तथा उपसूचकहरूको अवस्था र सुधार गर्नु पर्ने पक्षहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका 5: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरू**

| क्रसं | गाउँपालिकाको अवस्था | प्राप्ताङ्क | सबल/आंशिक/कमजोर | सुधार गर्नुपर्ने पक्षहरू |
|---|---|---|---|---|
| **१** | **नीति, कानून र योजना** | | | |
| **१.१** | **नीति, कानून र योजनामा समावेशी सहभागिता** | | | |
| १.१.१ | गाउँपालिकाको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको | ०.०० | कमजोर | गाउँपालिकाको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी थप कार्य गर्नुपर्ने। |
| १.१.२ | गाउँपालिकाले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको | ०.०० | कमजोर | गाउँपालिकाले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने नगरेकोले अबदेखि पूर्व लेखाजोखा गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| १.१.३ | गाउँपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको/नभएको। | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| १.१.४ | गाउँपालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन/छैनन (स्थानीय ऐन, कानून, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | ०.५० | आंशिक | गाउँपालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति बनाउनु पर्ने |
| १.१.५ | गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन। | ०.५० | आंशिक | गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गर्नुपर्ने |
| १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको। | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको (समुदायको प्रचलन विभेदकारी भएको/नभएको।) | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| १.१.८ | गाउँपालिकाको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको। | १.०० | सबल | निरन्तरता दिनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन ? | ०.५० | आंशिक | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति र कार्यक्रम समावेश भएपनि मापनयोग्य उपलब्धि लक्ष्य समावेश गर्नुपर्ने |
| १.२.२ | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | ०.५० | आंशिक | गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको निश्चित प्रतिशत छुट्याउनुपर्ने |
| १.२.३ | गाउँपालिकाको योजना सूचि लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | ०.५० | आंशिक | निरन्तरता दिनुपर्ने |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको ? | ०.५० | आंशिक | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | ०.५० | आंशिक | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नुपर्ने |
| १.२.६ | गाउँपालिकाले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरेको/नगरेको ? | ०.५० | आंशिक | गाउँपालिकाले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्नुपर्ने |
| १.२.७ | गाउँपालिकाको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| १.२.८ | गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तीमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको ? | ०.५० | आंशिक | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या विश्लेषण गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| १.३.२ | गाउँपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको ? | ०.०० | कमजोर | गाउँपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गर्नुपर्ने । |
| १.३.३ | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिएको/नगरिएको ? | ०.०० | कमजोर | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गर्नुपर्ने । |
| १.३.४ | गाउँपालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बीच भिडान) | ०.०० | कमजोर | गाउँपालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गर्नुपर्ने |
| २ | **संस्थागत व्यवस्था** | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | |
| २.१.१ | गाउँपालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| २.१.२ | गाउँपालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी | ०.०० | कमजोर | गाउँपालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको |

| | | | | |
|---|---|---|---|---|
| | समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन ? | | | समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिनुपर्ने |
| २.१.३ | गाउँपालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | ०.५० | आंशिक | गाउँपालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिनुपर्ने |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र वञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको ? | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| **२.२** | **कार्यप्रणाली समावेशी** | | | |
| २.२.१ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि गाउँपालिकाको निश्चित कार्यनीति छ/छैन ? | १.०० | सबल | निरन्तरता दिनुपर्ने |
| २.२.२ | गाउँपालिकामा लैङ्गिक विकास हेर्ने एकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | ०.५० | आंशिक | गाउँपालिकामा लैङ्गिक विकास हेर्ने एकाईको व्यवस्था गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| २.५.२ | नगरपालिकाले आफ्नो क्षेत्रका समुदाय स्तरका आधारभूत सूचना वा तथ्याङ्क सङ्कलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने (गाउँ/नगर प्रोफाइल) | योजना शाखा तथा प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | नियमित | ✓ | |
| २.५.३ | नगरपालिकाले आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी। स्थानीय विकास योजना तर्जुमा गर्ने | उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७९/०८० भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५.४ | नगरपालिकाले आफ्नो क्षेत्रको सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गर्ने | वडा कार्यालय र पञ्जीकरण शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | नियमित | ✓ | |
| **३** | **मानव संसाधन तथा क्षमता विकास (पूर्णाङ्क २०; प्राप्ताङ्कः८.०)** | | | | | | |
| **३.१** | **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शीर्षकमा बजेट विनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ल्याउने | शाखा प्रमुख (सामाजिक विकास शाखा) | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ३.१.२ | नगरपालिकाका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा सम्बन्धी तालिमको अवसर दिएको तथा उक्त तालिम कार्यक्रममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता भएको । | शाखा प्रमुख (सामाजिक विकास शाखा) | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | ✓ |
| ३.१.३ | तालिमका विषयवस्तुको प्रस्तुतिकरणमा लैङ्गिक समवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने । | शाखा प्रमुख (सामाजिक विकास शाखा) | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | | ✓ |
| ३.१.४ | महिला तथा लक्षित समूहको पदाधिकारीहरूको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) र सो अनुसारको बजेट विनियोजन गर्ने । | शाखा प्रमुख (सामाजिक विकास शाखा) | कार्यपालिका | महिला तथा बालबालिका शाखा | ०७८/०७९ भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१.५ | नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोतको व्यवस्था गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | महिला तथा बालबालिका शाखा | ०७८/०७९ भित्र | ✓ | |
| ३.१.६ | नगरपालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा एकाईको व्यवस्था गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ३.१.७ | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम गरी कार्यान्वयन गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ३.१.८ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरूको बारेमा नगरपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूलाई जानकारी अभिमुख गराउने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | |
| **३.२** | **अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना** | | | | | | |
| ३.२.१ | महिला विरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | |
| ३.२.२ | लैङ्गिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरी महिला हिंसा विरुद्ध शूण्य सहनशीलताको नीति अपनाउने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०८०/०८१ भित्र | ✓ | |
| ३.२.३ | नगरपालिकाले महिला विरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२.४ | नगरपालिकाले समाजमा रहेका विभिन्न कुसँस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहुविवाह, दाइजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू सञ्चालन गर्ने। | महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | |
| **३.३** | **कानुनी साक्षरता** | | | | | | |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान नगरपालिका सञ्चालन ऐन अन्तर सरकारी वित्त व्यवस्थापन ऐन कर्मचारी समायोजन ऐन मुलुकी संहिताहरू विषयगत कानूनहरू पालिकाले जारी गरेको कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखिकरण गर्ने। | न्यायिक समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | ✓ | |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरू सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई  कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखिकरण गर्ने। | न्यायिक समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | ✓ | |
| ३.३.३ | महिलाहरूको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने। | न्यायिक समिति | कार्यपालिका | महिला तथा बालबालिका शाखा | ०७८/०७९ भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३.४ | महिलाहरूको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालनबाट उनीहरूलाई लाभान्वित गराउने। (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | महिला तथा बालबालिका शाखा | कार्यपालिका | महिला तथा बालबालिका शाखा | ०७८/०७९ भित्र | ✓ | |
| **३.४** | **विपद व्यवस्थापनमा समावेशीकरण** | | | | | | |
| ३.४.१ | नगरपालिकाले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राख्ने। | विपद् व्यवस्थापन समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ३.४.२ | स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क सङ्कलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने। | वडा कार्यालय तथा विपद् व्यवस्थापन समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ३.४.३ | समुदायमा आधारीत विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने। | वडा कार्यालय तथा विपद् व्यवस्थापन समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | | ✓ |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने। | विपद् व्यवस्थापन समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| **४** | **सेवा प्रवाह (पूर्णाङ्क २०; प्राप्ताङ्कः१३.५)** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **४.१** | **पूर्वाधार विकास** | | | | | | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्वाध रूपमा प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री सम्बेदनशील संरचनाको प्रावधान सहित गर्ने । | योजना तथा प्राविधिक शाखा | नगर सभा | प्रमुख प्रशासकीय अधिकृत | नियमित | | ✓ |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरू शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गर्ने । | योजना तथा प्राविधिक शाखा | नगर सभा | प्रमुख प्रशासकीय अधिकृत | नियमित | | ✓ |
| ४.१.३ | स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपाङ्गता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणबाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने । | योजना तथा प्राविधिक शाखा | नगर सभा | प्रमुख प्रशासकीय अधिकृत | ०७८/०७९ भित्र | | ✓ |
| ४.१.४ | स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, विभिन्न बैकल्पिक \| उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालन गर्ने । | योजना शाखा | नगर सभा | प्रमुख प्रशासकीय अधिकृत | नियमित | | ✓ |
| **४.२** | **प्रजनन स्वास्थ्य** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश गर्ने । | स्वास्थ्य शाखा | कार्यपालिका तथा नगरसभा | स्वास्थ्य शाखा | २०७८/०७९ भित्र | | ✓ |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरूमा वच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गर्ने । | महिला तथा बालबालिका शाखा र स्वास्थ्य शाखा | कार्यपालिका तथा नगरसभा | महिला तथा बालबालिका शाखा र स्वास्थ्य शाखा | ०७८/०७९ भित्र | ✓ | |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसङ्ख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । | स्वास्थ्य शाखा | नगर सभा | स्वास्थ्य शाखा | नियमित | ✓ | |
| ४.२.४ | महिला, गरीब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजिकरण तथा सहयोग गर्ने कार्यक्रम तर्जुमा गरी यथेष्ट बजेटको व्यवस्था गर्ने । | महिला तथा बालबालिका शाखा र स्वास्थ्य शाखा | नगर सभा | स्वास्थ्य शाखा | २०७९/०८० भित्र | ✓ | |
| **४.३** | **शिक्षा कार्यक्रम** | | | | | | |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिकाभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाउने । | नगर शिक्षा समिति | नगर सभा | शिक्षा शाखा प्रमुख | नियमित | | ✓ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाउने । | नगर शिक्षा समिति | नगर सभा | शिक्षा शाखा प्रमुख | नियमित | ✓ | |
| ४.३.३ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किशोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, वच्चा देखि वच्चा कक्षा आदि) | नगर शिक्षा समिति | नगर सभा | शिक्षा शाखा प्रमुख | २०७९/०८० भित्र | ✓ | |
| ४.३.४ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने । | नगर शिक्षा समिति | नगर सभा | शिक्षा शाखा प्रमुख | २०७८/०७९ भित्र | | ✓ |
| **४.४** | **खानेपानी तथा सरसफाई** | | | | | | |
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र स्यानिटाइजरको उपयोग गर्ने प्रबन्ध गर्ने । | योजना शाखा | नगर सभा | स्वास्थ्य शाखा | नियमित | ✓ | |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने । | योजना शाखा | नगर सभा | स्वास्थ्य शाखा | नियमित | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४.३ | कुहिने नकुहिने घरायासी फोहर छुट्याउने व्यवस्था, फोहर सङ्कलन तथा विसर्जन, घरघरमा भान्साको फोहर र पानीबाट करेसाबारी तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने । | योजना शाखा | नगर सभा | स्वास्थ्य शाखा | नियमित | ✓ | |
| ४.४.४ | महिलाहरू बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरूको सक्रिय सहभागितामा आकाशेपानी सङ्कलन र भण्डारण, पराम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन गर्ने । | योजना शाखा | कार्यपालिका | योजना शाखा | २०७९/०८० भित्र | ✓ | |
| **४.५** | **स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन** | | | | | | |
| ४.५.१ | नगरपालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलकर सीपमूलक कार्यक्रमहरू राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने । | कार्यपालिका | कार्यपालिका | योजना शाखा | २०७९/०८० भित्र | ✓ | |
| ४.५.२ | नगरपालिकाले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेका समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने । | रोजगार कार्यक्रम तथा योजना शाखा | कार्यपालिका | रोजगार कार्यक्रम तथा योजना शाखा | ०७८/०७९ भित्र | ✓ | |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरू) र सामाजिक परिचालक तयार गर्ने (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी विषयमा) । | विषयगत समिति तथा शाखाहरू | नगर सभा | विषयगत शाखा प्रमुखहरू | नियमित | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.५.४ | गरीब र वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | वडा कार्यालयहरू र सूचिकृत सहकारीहरू | २०७९ असोज महिनाभित्र | ✓ | |
| ५ | **सुशासन तथा उत्तरदायित्व (पूर्णाङ्क २०; प्राप्ताङ्कः ११.०)** | | | | | | |
| ५.१ | **सुशासन** | | | | | | |
| ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कार्यान्वयनमा ल्याउने। | नगर उपाध्यक्ष | कार्यपालिका र नगर सभा | प्रमुख प्रशासकीय अधिकृत | नियमित | | ✓ |
| ५.१.२ | स्थानीय तहले विधिको शासन व्यापक जनसहभागिता, भ्रष्टाचार विरुद्ध शूण्य सहनशीलता, सेवा प्रवाहमा निष्पक्षता र महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरू कार्यान्वयनमा ल्याउने। | कानून शाखा र विधायन समिति | कार्यपालिका र नगर सभा | प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू | ०७९/०८० भित्र | | ✓ |
| ५.१.३ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरूको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने। | उपाध्यक्ष र महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू | ०७९/०८० भित्र | ✓ | |
| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम बिनियोजना गरी कार्यक्रमहरू समयमै सम्पन्न गर्ने। | उपाध्यक्ष र महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू | ०७९/०८० भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | | | | | | |
| ५.२.१ | नगरपालिकाले नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | अध्यक्ष | २०७८/०७९ भित्र | | ✓ |
| ५.२.२ | नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थितिमा गर्ने। | उपाध्यक्ष | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | | ✓ |
| ५.२.३ | नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट नगरपालिकाले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका विषयमा आवाज उठ्ने वातावरण सिर्जना गरी यसरी उठेका प्रश्न उपर नगरपालिकाबाट सम्वोधन हुने वातावरण सिर्जना गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ५.२.४ | नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने। | कानून शाखा र विधायन समिति | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | ०७९/०८० भित्र | | ✓ |
| **५.३** | **सूचना तथा सञ्चार** | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.३.१ | नगरपालिकाले नियमित रूपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी सार्वजनिक गर्ने । | उपाध्यक्ष र महिला तथा बालबालिका शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख, महिला तथा बालबालिका शाखा | २०७८/०७९ भित्र | | ✓ |
| ५.३.२ | नगरपालिकाले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने । | सूचना प्रविधि शाखा | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | ०७९/०८० भित्र | ✓ | |
| ५.३.३ | नगरपालिकाले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैङ्गिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने । | सूचना प्रविधि शाखा | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | | ✓ |
| ५.३.४ | स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू जेष्ठ नागरिक लगायत अन्य लक्षित समूहहरूको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतना बृद्धि गर्ने । | सामाजिक विकास शाखा र महिला तथा बालबालिका  शाखा | कार्यपालिका | शाखा प्रमुख | ०७९/०८० भित्र | ✓ | |
| **५.४** | **अनुगमन र मूल्याङ्कन** | | | | | | |
| ५.४.१ | कार्यक्रम तथा परीयोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पुरा लाभ लिने वातावरण सिर्जना गर्ने । | योजना शाखा | कार्यपालिका | योजना शाखा प्रमुख | ०७९/०८० भित्र | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.४.२ | नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव विश्लेषण गर्ने । | सामाजिक विकास शाखा | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | २०७८/०७९ भित्र | | ✓ |
| ५.४.३ | नगरपालिकाको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने । | सामाजिक विकास शाखा | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| ५.४.४ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू । कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | योजना शाखा | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | २०७९/०८० भित्र | | ✓ |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | | | | | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेको नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने । | योजना शाखा | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | नियमित | | ✓ |
| ५.५.२ | अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने । | सामाजिक विकास शाखा तथा योजना शाखा | कार्यपालिका | विषयगत शाखा प्रमुखहरू | ०७८/०७९ भित्र | ✓ | |
| ५.५.३ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि । विभिन्न सरोकारवाला निकायहरू बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | शाखा प्रमुख, महिला तथा बालबालिका शाखा | २०७९/०८० भित्र | | ✓ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा नगरपालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | शाखा प्रमुख, महिला तथा बालबालिका शाखा | ०७८/०७९ भित्र | ✓ | |

### ३.५ अवसर र चुनौतिहरू

यस गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका अवसर र चुनौतिहरू रहेको अवगत भएको छः

#### ३.४.१ अवसरहरू

क) नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य संघीय तथा प्रादेशिक नीति र कानूनहरूले लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरी कानूनतः लागू गरेको ।

ख) देवघाट गाउँपालिकालाई कार्यक्षेत्र बनाएर विभिन्न सामाजिक संघ संस्थाहरूले लैङ्गिक केन्द्रित कार्यक्रमहरू लागू गरेका ।

ग) गाउँपालिकामा निर्वाचित पदाधिकारीहरू रहेको र स्थानीय नीति, ऐन र कार्यविधिहरू तयारी र लागू गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले लैससास विकासका स्थान सापेक्ष नीति, ऐन र कार्यविधिहरू लागू गर्ने अवसर रहेको ।

#### ३.४.१ चुनौतिहरू

क) स्थानीय पदाधिकारीहरूको पुनः निर्वाचन हुने समय आईसकेकोले बर्तमान पदाधिकारीहरूले यस क्षेत्रमा नीतिगत निर्णय र कार्यक्रमहरू कार्यान्वयन गर्न छोटो समय रहेको ।

ख) गाउँपालिकाको अधिकांश बजेट पूर्वाधार विकासमा केन्द्रित रहेको र बहुसंख्यक पदाधिकारीहरूको ध्यान समेत पूर्वाधार विकास तर्फ नै रहेकोले लैससास क्षेत्रमा एक निश्चित प्रतिशत बजेट विनियोजन गर्ने नीति कार्यान्वयन गर्न चुनौति रहेको ।

ग) महिला तथा वञ्चितिकरणमा परेका समुदायको उत्थानको लागि टोल वा बस्ती स्तरमा कार्यक्रमहरू लैजानको लागि थप बजेटको व्यवस्था गर्नु पर्ने देखिएको ।

घ) ग्रामीण भेगका समुदायहरूको चेतनास्तर अझै कमजोर रहेकोले उनीहरूलाई सशक्त तुल्याउन अपेक्षाकृत लामो समय लाग्ने देखिन्छ ।

ङ) सबै जनप्रतिनिधिहरू र कर्मचारीहरूमा लैससास कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता नभएकोले निजहरूलाई सशक्तिकरण गर्न एक चुनौतिको रूपमा रहेको ।

च) देवघाट गाउँपालिका नयाँ स्थानीय तह भएको र आन्तरिक स्रोतको अभाव भएकोले कार्यक्रमहरूको लागि बजेट व्यवस्था गर्न असहज भएको ।

छ) देवघाट गाउँपालिका अन्तर्गतका शाखाहरूमा कर्मचारीहरूको अभाव रहेका कारण कार्यान्वयनमा असहज वातावरण रहेको ।

# भाग-४

# निष्कर्ष र सुझावहरू

## ४.१ निष्कर्ष

यस देवघाट गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा गाउँपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यविधिहरू तथा अन्य कानुनी व्यवस्थाहरूको अध्ययन, वार्षिक नीति. कार्यक्रम तथा बजेट किताब र आवधिक वार्षिक प्रगति प्रतिवेदनहरूको अध्ययन गरी सहभागितामूलक विधिबाट सबै पदाधिकारी तथा कर्मचारीहरूको संलग्नतामा परीक्षण कार्य सम्पन्न गरिएको थियो । यस क्रममा गाउँपालिकाले लैससासको क्षेत्रमा महत्वपूर्ण नीतिगत व्यवस्थाहरू तथा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइयो । गाउँपालिकाले समग्रमा ५८.० प्रतिशत प्रगति हासिल गरेको छ । लैससास विकासको हकमा गाउँपालिकाले धेरै सङ्ख्यामा अर्थात् ७५ प्रतिशत संस्थागत व्यवस्थामा प्रगति भएको पाइएकोछ । त्यस्तै सेवा प्रवाहमा ६७.५ प्रतिशत र नीति कानून तथा योजनाको क्षेत्रमा ५२.५ प्रतिशत काम भएको पाइएको छ भने सुशासन तथा उत्तरदायित्व क्षेत्रमा ५५.० प्रतिशत प्रगति भएको देखिन्छ । मानव संसाधन र क्षमता विकास क्षेत्रमा तुलनात्मक कम प्रगति भएको देखिएको छ जसमा ४०.० प्रतिशत प्रगति भएको छ ।

लैससास परीक्षणका १०० वटा उपसूचकहरूमा राम्रो प्रगति देखिएका उपसूचकहरूलाई निरन्तरता तथा अद्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरूमा गाउँपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रूपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ । चालु तथा आगामी आर्थिक वर्षहरूमा लैससास परीक्षणले देखाएका क्षेत्रहरू र सुझावहरूलाई कार्यान्वयन गरी लैससास मैत्री गाउँपालिकाको रूपमा विकास हुने अपेक्षा गरिएको छ ।

## ४.२ सुझावहरू

यस गाउँपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्राप्त भएका तथ्य र तथ्याङ्क तथा अभ्यासहरूको आधारमा देहाय अनुसारका सूझावहरू पेश गरिएको छ:

क) गाउँपालिकाले जारी गरेका लैससाससँग सम्बन्धित नीति तथा कानूनहरूको अझ प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिएको छ ।

ख) लैससास बहुआयमिक सवाल भएको हुँदा सबै कानुनी दस्तावेजहरूमा लैससास सम्वेदनशीलता र दृष्टिकोण संलग्न गर्नको लागि लैससास कार्यान्वयन समिति या कार्यटोली गठन गर्ने नीतिगत व्यवस्था गरी सोको कार्यान्वयन गर्ने र सबै कानूनहरूमा लैससास दृष्टिकोण समावेश गर्नु पर्ने आवश्यकता देखिएको छ ।

ग) सबैखाले नीति तथा कानून तयार हुने क्रममा सोको जारी गर्न अगावै लैससास दृष्टिकोणले उपयुक्त भए नभएको लेखाजोखा गर्ने नीतिगत व्यवस्था कार्यान्वयन गर्नु पर्ने जरुरी देखिन्छ ।

घ) योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषणको लागि आवश्यक बिशिष्टिकृत आधारभूत तथ्याङ्कहरूको व्यवस्थापन र नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ ।

ङ) लैससासको प्रभावकारी कार्यान्वयनको लागि लैससास परीक्षण कार्यविधिको स्थानीयकरण र लागू गर्ने, वार्षिक रूपमा लैससासको परीक्षण गर्ने, सोको प्रतिवेदन अनुसार कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने आदि कार्यको आवश्यकता देखिएको छ ।

च) बेईजिङ घोषणापत्रको स्थानीयकरण र कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्ने देखिएको छ ।

छ) गाउँपालिकामा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरू बनाई लागू गर्नु पर्ने तथा स्थानीय बालअधिकार समितिलाई क्रियाशील बनाउनु पर्ने आवश्यकता देखिएको छ ।

ज) महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा नियमित रकम विनियोजन तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**अनुसूचि १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन**

यस देवघाट गाउँपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणको लागि देहायका सदस्यहरू रहने गरी गठन गरिएको लैससास परीक्षण कार्यान्वयन कार्यदल

१. संयोजक – श्री दुर्ग बहादुर थापा (गा.पा. अध्यक्ष)
२. सदस्य – श्री विमला थापा (गा.पा. उपाध्यक्ष)
३. सदस्य – श्री यालबहादुर गुरुङ (प्रवक्ता)
४. सदस्य – श्री चन्द्रप्रकाश विक (का.पा सदस्य)
५. सदस्य – श्री बालकुमारी परियार (का.पा सदस्य)
६. सदस्य – श्री याममाया गुरुङ (का.पा सदस्य)
७. सदस्य – सचिव – श्री शुभद्रा भट्टराई (शाखा प्रमुख महिला तथा बालबालिका शाखा/लैंगिक डेस्क)

**अनुसूचि २: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू**

देवघाट गाउँपालिकाको लैङ्गक समानता तथा सामाजिक समावेशीकरण (GESI Audit) परीक्षण कार्यसमूह निर्माण

**क) नीति, कानून र योजना**

संयोजक – यालबहादुर गुरुङ
सदस्य – रामप्रसाद सापकोटा
सदस्य – तीर्थराज ढुंगाना
सदस्य – तृषा शर्मा
सदस्य – अनिता गुरुङ
सदस्य – उमाकान्त ढकाल

**ख) संस्थागत व्यवस्था**

संयोजक – चन्द्रप्रकाश वि.क.
सदस्य – विमला थापा
सदस्य – कृष्णराज पन्त
सदस्य – भोगीमाया राना
सदस्य – गोविन्द पौडेल
सदस्य – टुकनाथ अधिकारी
सदस्य – नौमती गुरुङ

**ग) मानव संसाधन तथा क्षमता विकास**

संयोजक – याममाया गुरुङ
सदस्य – ध्रुव आचार्य
सदस्य – जय बहादुर जि.टी.
सदस्य – फूलमाया वि.क.
सदस्य – ध्रुव प्रसाद चापागाईँ

**घ) सेवा प्रवाह**

संयोजक – भिम बहादुर गुरुङ

सदस्य – विपना सुवेदी
सदस्य – रत्न बहादुर बोटे
सदस्य – दुर्गा राना
सदस्य – दीपक वि.क.
सदस्य – होम बहादुर भारती

**ङ) सुशासन तथा उत्तरदायित्व**

संयोजक – पदम बहादुर गुरुङ
सदस्य – सम्झना खत्री
सदस्य – ठाकुर कुमारी काफ्ले
सदस्य – हेमराज शर्मा
सदस्य – बालकुमारी परियार

## अनुसूचि ३: लैससास परीक्षण गोष्ठीका सहभागीहरू

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

**सहभागीहरूको उपस्थिति**

कार्यक्रमको नाम: स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) मिति: २०७८।०८।

कार्यक्रम भएको जिल्ला : तनहुँ स्थानीय तह: देवघाट गाउँपालिका वार्ड: स्थान:

| क्र.सं. | सहभागीको नाम | पद | कार्यालय/संस्था | फोन नं. | लिङ्ग | सामाजिक समावेशिकरण (दलित, जनजाति, मधेशी, मुस्लिम, बाहुन,क्षेत्री,अन्य) | अपाङ्गता (प्रकार) | दस्तखत ११... गते | १२... गते | १३. गते |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री दुर्गा बहादुर थापा | अध्यक्ष | देवघाट गा.पा. | ९८५४०६०६६८ | पु. | | 'घ' | | | |
| २. | श्री बिमला थापा | उपाध्यक्ष | " | ९८४४२०५५९८ | म | | | | | |
| ३. | श्री रमेश सुवेदी | प्र.प्र.अ. | " | ९८५०९१०५५० | पु. | ब्राह्मण | | | | |
| ४. | श्री मान बहादुर गुरुङ | वडाध्यक्ष, वडा नं. २ | | ९८५६०३८००५ | पु. | जनजाति | | | | |
| ५. | श्री भिम बहादुर गुरुङ | " | " वडा नं. १ | ९८४४२०५५२९ | पु. | जनजाति | | | | |
| ६. | श्री पोल बहादुर आले | " | वडा नं: २ | ९८४४२०५५३० | पु | — | — | | | |
| ७. | श्री कृति मान आले | " | वडा नं: ३ | ९८५४२०३९३१ | पु | — | — | | | |
| ८. | श्री पदम बहादुर गुरुङ | " | वडा नं: ४ | ९८४४२०३९३२ | पु. | | | | | |
| ९. | ~~श्री लाल बहादुर गुरुङ~~ | " | ~~वडा नं: ५~~ | — | पु. | — | — | | | |
| १०. | श्री रतन बहादुर थोर्ते | कार्यपालिका सदस्य | | | पु. | | | | | बाल |
| ११. | श्री चन्द्र प्रकाश वि.क | " | | | पु. | | | | | |
| १२. | श्री काल कुमारी परियार | " | | ९८[illegible] | स्त्री | | | | | |
| १३. | श्री [illegible] | " | वडा नं. ३ | | म. | | | | | |

| क्र.सं. | सहभागीको नाम | पद | कार्यालय/संस्था | फोन नं. | लिङ्ग | सामाजिक समावेशिकरण (दलित, जनजाति, मधेशी, मुस्लिम, बाहुन,क्षेत्री,अन्य) | अपाङ्गता (प्रकार) | ११. गते | १२. गते | १३. गते |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | श्री फुलमाया वि.क | वडा सदस्य | देवघाट गा.पा. | | स्त्री | | | फुलमाया | | फुलमाया |
| १५. | श्री टुक बहादुर अधिकारी | वडा सदस्य | देवघाट गा.पा. | ९८४६२८४६८० | पु | | | | | |
| १६. | भोजीमाया राना | सू.प्र. | " | ९८४६६३३९२६ | म | जनजाति | - | भोजीमाया राना | भोजीमाया राना | भोजीमाया |
| १७. | ठाकुर कुमारी [illegible] | वडा सचिव | | ९८४६००३८९६ | | ब्राह्मण | | | | |
| १८. | पशुपति तिवारी | | | ९८४६०८८६६ | | " | | पशुपति | पशुपति | पशुपति |
| १९. | श्री गोविन्द प्रसाद पाठक | अधिकृत छैठौं | देवघाट गा.पा. | ९८४४२०५५४१ | पु | ब्राह्मण | - | | | |
| २०. | श्री राम प्रसाद सापकोटा | " | देवघाट गा.पा. | ९८४४२०५५८६ | पु | ब्राह्मण | | | | |
| २१. | श्री हिमलाल लामिछाने | " | देवघाट गा.पा. | ९८४४२०५५८९ | पु | ब्राह्मण | | | | |
| २२. | श्री ध्रुव आचार्य | " | देवघाट गा.पा. | ९८४४२०५५१४ | पु | ब्राह्मण | | | | |
| २३. | श्री ध्रुव [illegible] | पाँचौं | देवघाट गा.पा. | ९८५७३९८०३० | पु | ब्राह्मण | | | | |
| २४. | श्री हेमराज शर्मा | " | देवघाट गा.पा. | ९८६०७९०७११ | पु | ब्राह्मण | | | | |
| २५. | श्री दुर्गा राना मगर | " | देवघाट गा.पा. | ९८५१०६४४०५ | पु | | | | | |
| २६. | श्री विपना सुवेदी | " | देवघाट गा.पा. | ९८५५५४३५१८ | स्त्री | ब्राह्मण | | | | |
| २७. | श्री सारुना खत्री | " | देवघाट गा.पा. | ९८५४०४२४६० | स्त्री | | | | | |
| २८. | श्री दिपक वि.क | चौथो | देवघाट गा.पा. | ९८४६९९५४४१ | पु | | | | | |
| २९. | श्री धन बहादुर थापा | " | देवघाट गा.पा. | ९८५४०९७७७० | पु | | | | | |
| ३०. | श्री आशिक राना | | देवघाट गा.पा. | ९८४२१९५५४८ | पु | जनजाति | | | | |
| ३१. | श्री कृष्ण राज पन्त | अ.छैठौं | देवघाट गा.पा. | ९८६३०२३८३० | पु | ब्राह्मण | | | | |
| ३२. | किसान भुजेल | | देवघाट गा.पा. | ९८४६७४४३४ | पु | जनजाति | | | | |
| ३३. | श्रीकृष्ण प्र. थापा | चौथो | " " | ९८६३८६८३८३ | पु | मधेसी | | | | |
| ३४. | रिम बहादुर गुरुङ | | देवघाट गा.पा. | ९८४१५५४६३ | पु. | जनजाति | | | | |

**अनुसूचि ४: लैससास परीक्षण अङ्क मापन विवरण**

# देवघाट गाउँपालिका

# तनहुँ

**परीक्षण अङ्कः राम्रो १ -, ठीकै – र नभएको ०.५ -०**

## तालिका 7 लैससास परीक्षण अङ्क मापन विवरण

| क्रसं | सूचक तथा उपसूचकहरू | अङ्कभार | प्राप्ताङ्क | अवस्था |
|---|---|---|---|---|
| १ | **नीति, कानून र योजना** | | | |
| १.१ | **नीति, कानून र योजनामा समावेशी सहभागिता** | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको | १ | ०.०० | गाउँपालिकाको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी नपाइएको। |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको | १ | ०.०० | गाउँपालिकाले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको नपाइएको। |
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैससास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको/नभएको। | १ | १.०० | गाउँपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएको। |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरू छन/छैनन (स्थानीय ऐन, कानून, | १ | ०.५० | गाउँपालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) । | | | सम्बन्धी अलग्गै नीतिहरू स्थानीय ऐन, कानून, कार्यविधि र निर्देशिकामा खास व्यवस्था नगरिएको । |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन । | १ | ०.५० | गाउँपालिकाले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न आंशिक प्रावधान व्यवस्था गरिएको । |
| १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको । | १ | १.०० | संघीय कानूनले व्यवस्था गरे बमोजिम गाउँपालिकामा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाएको । |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको (समुदायको प्रचलन विभेदकारी भएको/नभएको ।) | १ | १.०० | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको पाइएको । |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको । | १ | १.०० | गाउँपालिकाको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहेको पाइएको । |
| | **सहायक विषयगत जम्मा** | **८.००** | **५.००** | |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन ? | १ | ०.५० | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य आंशिकरूपमा समावेश गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १.२.२ | नगरपालिका/गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | १ | ०.५० | नगरपालिका/गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजिगत बजेटको आंशिक प्रतिशत छुट्याउने गरेको। |
| १.२.३ | स्थानीय सरकारको योजना सूचि लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरूलाई समेटेको/नसमेटेको परीक्षण गर्ने।) | १ | ०.५० | गाउँपालिकाको योजना सूचि लक्षित समूहहरूको सक्रिय सहभागितामा तयार हुने र उनीहरूले छनौट गरेको योजना आंशिकरूमा मात्रै प्राथमिकीकरणमा पर्ने गरेको। |
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको ? | १ | ०.५० | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा पर्याप्त छलफल भएको। |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | १ | ०.५० | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम आंशिकरूपमा मात्रै तय गर्ने गरिएको। |
| १.२.६ | स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजना हुने गरेको/नगरेको ? | १ | ०.५० | गाउँपालिकाले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट आंशिक मात्रै विनियोजन हुने गरेको पाइएको। |
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | १ | १.०० | गाउँपालिकाको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको। |

| | | | | |
|---|---|---|---|---|
| १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित कम्तीमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | १ | १.०० | गाउँपालिकाका उपभोक्ता समितिहरूमा लक्षित समूहको प्रतिनिधि सहित अधिकांश संरचनाहरूमा कम्तीमा ३३ प्रतिशत र कतिपय संरचनाहरूमा सोभन्दा धेरै भएका कारण ४० प्रतिशत महिलाको सहभागिता भएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको। |
| | **सहायक विषयगत जम्मा** | ८ | **५.००** | |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसंग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको ? | १ | ०.५० | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसंग बसेर समस्या आंशिकरूपमा मात्रै विश्लेषण गर्ने गरिएको। |
| १.३.२ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको ? | १ | ०.०० | गाउँपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरूपमा गर्न आवश्यक बजेटको व्यवस्था नगरिएको। |
| १.३.३ | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिएको/नगरिएको ? | १ | ०.०० | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश नगरिएको। |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बीच भिडान) | १ | ०.०० | गाउँपालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्यक्रममा समयमै खर्च नगरिएको। |
| | **सहायक विषयगत जम्मा** | ४ | **०.५** | |

| | | | | |
|---|---|---|---|---|
| | **मूल विषयगत जम्मा** | **२०.** | **१०.५** | |
| २ | **संस्थागत व्यवस्था** | | | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | | | |
| २.१.१ | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | १ | १.०० | गाउँपालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको । |
| २.१.२ | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन ? | १ | ०.०० | गाउँपालिकाका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुने नगरेको। |
| २.१.३ | स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | १ | ०.५० | गाउँपालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत व्यवस्थितरूपमा आंशिक मात्रै दिने गरेको। |
